# पञ्चकन्या गाउँपालिका

Panchakanya Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

Office Of The Rural Municipal Executive

लाकुरीभञ्ज्याङ, नुवाकोट

Lakuribhanjyang, Nuwakot

सू.नं. २४

बागमती प्रदेश, नेपाल
Bagamti Province, Nepal

## गहुँको उन्नत बीउ माग गर्ने सम्बन्धि सूचना !!!
## (प्रकाशित मिति २०८१/०६/१४)

प्रस्तुत बिषयमा यस पञ्चकन्या गाउँपालिकाको चालु आ.व.२०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार **"खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा मूल्य अनुदान कार्यक्रम"** अन्तर्गत ५० प्रतिशत अनुदानमा गहुँको उन्नत जातको बीउ वितरणका लागि माग संकलन गर्नुपर्ने भएकाले यस पञ्चकन्या भित्रका बीउ माग गर्न इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फर्महरु तथा अन्य कृषि पेशासँग सम्बन्धित सबैले यो सूचना प्रकाशन भएको मितिले १५ दिन (२०८१/०६/२९) गते भित्र तथा सो दिनमा सार्वजनिक विदा परेमा उक्त दिन पछि कार्यालय खुल्ने पहिलो दिनमा कार्यालय समयभित्र तपसिलका कागजातसहित पञ्चकन्या गाउँपालिकाको कृषि विकास शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.स. | कार्यक्रम | गहुँ बालीका जातहरु | उन्नत बीउ प्रयोगकर्ता कृषकलाई उपलब्ध हुने मूल्य अनुदान | कै. |
|---|---|---|---|---|
| १ | खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा मूल्य अनुदान कार्यक्रम (गहुँको उन्नत बीउ वितरण) | Wk-1204, स्वर्गद्धारी, अन्नपूर्ण ४, वाणगंगा, डाँफे, खुमलशक्ति, जिंक गहुँ १, जिंक गहुँ २, भृकुटी, गौतम, विजय | ५० प्रतिशन अनुदान | |

**आवश्यक कागजातहरु:**

१. रु.१० को टिकट टाँस गरेको बीउको आवश्यक परिमाण र जात खुल्ने गरी कार्यक्रम मागको निवेदनमा नाम, ठेगाना, सम्पर्क नं.,

२. कृषक समूह/कृषि सहकारी/उद्यमी कृषक/कृषि फर्मको दर्ता तथा नवीकरणको प्रमाण-पत्रको प्रतिलिपि साथै PAN/ VAT दर्ता प्रमाण-पत्र र पछिल्लो आ.व.को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि,

३. समूह तथा सहकारीको हकमा कार्यसमितिको निर्णयको प्रतिलिपि,

४. गहुँबाली लगाउने क्षेत्रफल/स्वामित्व खुल्ने जग्गाधनी प्रमाण पुर्जाको तथा जग्गा भाडामा लिएको भए सम्झौतापत्रको प्रतिलिपि,

५. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

...............................

(हेम नारायण महतो)

नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत